धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक     जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १७ ◆ २०८३ साउन १७ गते आइतबार, Sunday, August 2, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## विपद्का बेला भावनाले मात्र काम गर्ने होइन, सीप र क्षमता चाहिन्छ : सभापति थापा

काठमाडौं । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले विपद्का बेला भावनाले मात्र काम नगर्ने हुँदा सीप र क्षमता विकास गरेर सहयोग गर्न पार्टीपंक्तिलाई आह्वान गर्नुभएको छ ।

कांग्रेसले विपद् व्यवस्थापनका लागि पूर्वतयारी र प्रतिकार्यमा केन्द्रित रहेर केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा उहाँले राजनीतिक नेतृत्वमा करुणा सबैभन्दा ठूलो गुण हुने बताउनुभयो ।

"ज्ञानमा आधारित जनशक्तिले मात्र परी आउँदा सहयोग पुर्याउन सक्ने हुन्छ", उहाँले भन्नुभयो, "सहभागीहरूलाई कांग्रेसको नयाँ अभियानमा यही विषयमा केन्द्रित रहेर सेवा भावका साथ काम गर्न आह्वान गर्छु ।"

कांग्रेसका उपसभापति तथा प्रशिक्षण प्रतिष्ठानका प्रमुख विश्वप्रकाश शर्माले विगतमा पार्टीले विपद्मा परेका मानिसको उद्धार गर्न नसेकेर टुलुटुलु हेर्नु परेको आवस्थाको उदाहरण दिँदै अबका दिनमा पार्टी विपद्लगायत सामाजिक काममा क्रियाशील हुने बताउनुभयो ।



"विपद् पूर्वतयारी तथा प्रतिकार्य प्रशिक्षण यसको आरम्भ गरेका छौं । यस्ता खालका प्रशिक्षण देशभर सञ्चालन गर्ने सोचमा पार्टी रहेको छ", उहाँले भन्नुभयो । कांग्रेसले साउन १६-१८ चल्ने प्रशिक्षणमा विपद् विज्ञहरू तीवेन्द्र बाँस्कोटा, भोजराज घिमिरे, पिताम्वर अर्याल, पूजा शाक्य, राम भट्टराई र लक्ष्मण माली प्रशिक्षक रहनुभएको छ ।

प्रशिक्षणमा सैद्धान्तिक ज्ञानका अतिरिक्त व्यावहारिक अभ्याससमेत गराइने कार्यक्रम संयोजक मानबहादुर थापाले जानकारी दिनुभएको छ । प्रशिक्षणमा ४० भन्दा बढी युवाहरू सहभागी छन् ।

## इतिहासमा अमरसिंह थापाले गर्नुभएको योगदान स्मरण

*प्रत्यूष समाचारदाता*

काठमाडौं । विसं १८७३ साउन १६ गते गोसाइँकुण्डमा देहत्याग गर्नुभएका नेपाल एकीकरणमा योगदान गर्नुभएका राष्ट्रिय विभूति अमरसिंह थापाको २१०औं स्मृति दिवस मनाइएको छ ।

राष्ट्रिय विभूति अमरसिंह थापा प्रतिष्ठानले शनिबार आयोजना गरेको कार्यक्रममा विसं १८०० मा नुवाकोट विजय गरेर श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले शिलान्यास गरेको नेपाल एकीकरण अभियानमा अमरसिंह थापाले पुऱ्याउनु भएको योगदानका विषयमा स्मरण गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सर्वोच्च अदालतका न्यायधीश मेघराज पोखरेलले अमरसिंह थापा इतिहासको असाधारण व्यक्तित्व भएको बताउनुभयो । राष्ट्रनिष्ठा र स्वाभिमानले युक्त थापाले प्रलोभन आउँदा 'म बाघको बच्चा (डमरु) हुँ, मलाई सिनो खाने कुकुर नसम्झ' भनी दिनुभएको अभिव्यक्तिले नै उहाँको व्यक्तित्व प्रस्ट हुने बताउनुभयो । सबै नेपालीले अमरसिंहको चरित्र बोक्नुपर्ने समय आएको न्यायधीश पोखरेलले बताउनुभयो । स्वाभिमानबाट बनेको अमरसिंहको इतिहास कसैले मार्न चाहेर नमर्ने पनि उहाँको भनाइ थियो ।

वाग्मती प्रदेशसभा सदस्य एवं प्रदेशका पूर्वमन्त्री दीपेन्द्र श्रेष्ठले कुमाउ, गढवाल, काँगडालगायतका स्थल अमरसिंहले नेपालमा गाभ्न सफल भएको जानकारी दिनुभयो । यस्ता व्यक्तित्वका नाममा ऐतिहासिक सङ्ग्रहालय निर्माणका लागि प्रदेश सरकारबाट सहयोगको पहल गर्ने प्रतिबद्धता पनि उहाँले जनाउनुभयो । अर्का वाग्मती प्रदेशसभा सदस्य उद्धव थापाले धादिङको केवलपुरमा निर्माण भएको बडाकाजी अमरसिंह धामको विकासका लागि वाग्मती प्रदेश सरकाबाट सहयोगका लागि पहल गर्ने बताउनुभयो ।

इतिहास एवं संस्कृति विषयका प्रा डा राजाराम सुवेदीले अन्य बाइसे, चौबिसे राज्यमा नभएको एकीकरणरमा मरेका सेनाका परिवारलाई मरवटबापत जग्गा दिने प्रचलनले नै गोरखा राज्यले नेपालको एकीकरण गर्न सफल भएको बताउनुभयो । अमरसिंहका विषयमा विद्यावारिधि शोध गर्नुभएका प्रा डा इन्दिरा जोशीले नुवाकोट जितेको २५ वर्षपछि पृथ्वीनारायण शाहले काठमाडौंमा आक्रमण गरेको जानकारी गराउनुहुँदै त्यो युद्धमा अमरसिंह पनि सक्रिय सहभागी हुनुभएको स्मरण गर्नुभयो । अमरसिंहको निडरता र निष्पक्षताको सबै नेपालीले अनुसरण गर्नुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा गोरखाको सिरानचोक गाउँपालिकाका पूर्वअध्यक्ष राजु गुरुङलाई सम्मान गरिएको थियो । गाउँपालिका अध्यक्ष हुँदा उहाँले अमरसिंहको स्मृति दिवस पारेर प्रत्येक वर्ष साउन १६ गते पालिकास्तरमा सार्वजनिक बिदा दिने निर्णय गराउनुभएको थियो ।

सम्मानित भएपछि कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले विसं १८०८ मा गोरखाको सिरानचोकमै अमरसिंह जन्मनुभएको प्रमाण आफूले विभिन्न पुस्तकमा प्राप्त गरेपछि स्मृति दिवसमा पालिकास्तरमा सार्वजनिक बिदा दिने निर्णय गराएको बताउनुभयो ।

## बलिउड अभिनेत्री शेट्टीद्वारा पशुपतिनाथमा पूजा

काठमाडौं । बलिउड अभिनेत्री शिल्पा शेट्टी शनिबार पशुपतिनाथ मन्दिरमा पुगी पूजा, आराधना एवं दर्शन गर्नुभएको छ ।

साउन महिनाको शनिबार पारेर अभिनेत्री शेट्टीले हिजो (शनिबार) बिहान रु दुई हजार १०० दरका नौ वटा रसिद काटेर पञ्चामृत पूजा, आराधना एवं दर्शन गर्नुभएको पशुपति क्षेत्र विकास कोषका पुरातत्व अधिकृत सुशीलकुमार गौतमले रासससलाई जानकारी दिनुभयो । अभिनेत्री शेट्टी दर्शनार्थीका रूपमा शनिबार बिहान पशुपतिनाथ दर्शन एवं पूजा आराधनाका लागि प्रवेश गर्नुभएको उहाँले बताउनुभयो । "साउन महिना भगवान् शिवको महिना भएकाले विश्वभरका वैदिक सनातन हिन्दू धर्मावलम्बी पूजा, आराधना एवं दर्शनका लागि नेपाल आउने गर्छन् । त्यसमध्ये भारतबाट आउने दर्शनार्थी धेरै हुन्छन्", उहाँले भन्नुभयो । भारतबाट साउनमा विशिष्ट व्यक्तित्व पनि पशुपतिनाथमा दर्शनका साथै पूजा, आराधना गर्न आउने गरेका छन् ।

## सहकारी ठगीको मुद्धा हेर्न समर्पित इजलास गठन गर्न अनुरोध

*प्रत्यूष समाचारदाता*

काठमाडौं । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहकारी ठगीसम्बन्धी मुद्दाको छिटो र छरितो ढङ्गले न्याय निरुपण गर्नका लागि सहकारी कसुर हेर्ने 'समर्पित इजलास' गठन गर्न भन्दै सर्वोच्च अदालतका प्रधानन्यायाधीश लाई प्रतिवेदन पेस गरेको छ ।

सहकारी ठगीसम्बन्धी मुद्धाको चाप बढिरहेकाले सो मुद्दा फछ्र्यौटका लागि समर्पित इजलास गठन गर्न अनुरोध गरिएको हो । मन्त्रालयले समर्पित इजलास गठन गर्नुको आवश्यकता र औचित्यको विषयमा कार्यदल गठन गरेर तयार पारेको प्रतिवेदन प्रधानन्यायाधीशलाई बुझाइएको मन्त्रीको निजी सचिवालयले जनाएको छ ।

सर्वोच्च अदालतले २०८२ माघ ११ गते जारी गरेको निर्देशनात्मक आदेशमा सहकारी कसुरसम्बन्धी मुद्दाको चाप बढी भएका जिल्ला अदालतमा आवश्यकता अनुसार समर्पित इजलास स्थापना गर्न अध्ययन गरी निष्कर्षका आधारमा कार्यान्वयन गर्ने आदेश दिएपछि मन्त्रालयले अध्ययन कार्यदल गठन गरेको थियो । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले कार्यदलका सदस्यसहित उक्त प्रतिवेदन सर्वोच्च अदालतका प्रधानन्यायाधीश डा मनोज शर्मालाई बुझाउनुभएको हो ।

सो अवसरमा शनिबार प्रस्तुत कार्यदलको प्रतिवेदनमा सहकारी कसुरलाई सामान्य ठगीको घटनाभन्दा फरक, ठूलो सङ्ख्यामा नागरिकको जीवन, सम्पत्ति र मुलुकको वित्तीय प्रणालीसँग प्रत्यक्ष सम्बन्धित सामाजिक-आर्थिक अपराधका रूपमा व्याख्या गरिएको छ ।

## संसद्सम्म युवाको आवाज अन्तरसंवाद

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले यस वर्षको अन्तरराष्ट्रिय युवा दिवस केन्द्र, प्रदेश, जिल्ला र पालिका तहमा भव्य रूपमा मनाउने निर्णय गरेको छ । यही साउन १३ गतेको रास्वपा केन्द्रीय समितिको बैठकले अन्तरराष्ट्रिय युवा दिवस मनाउने निर्णय गरेको हो ।

बैठकले पूर्वमहामन्त्री कविन्द्र बुर्लाकोटीलाई अन्तरराष्ट्रिय युवा दिवसको आयोजक समितिको संयोजकको जिम्मेवारी दिएको छ । आयोजक समिति सदस्यमा केन्द्रीय सदस्य, सांसद एवं पार्टीका युवा नेताहरू हिमेश पन्त, कमल सुवेदी, खगेन्द्र सुनार, केपी खनाल, निशा श्रेष्ठ, चन्दनकुमार ठाकुर, भरत केसीलगायत रहनुभएको छ । संयुक्त राष्ट्रसङ्घको घोषणाबाट सन् १९९९ देखि अगस्ट १२ का दिन अन्तरराष्ट्रिय युवा दिवस मनाउने गरिएको छ । आयोजक समितिको बैठकले प्रदेशमा अन्तरराष्ट्रिय युवा दिवस मनाउन समन्वय गर्ने सदस्यको जिम्मेवारी तोक्ने र उपसमिति निर्माण गर्ने निर्णय गरेको नेता बुर्लाकोटीले संचारकर्मीहरुलाई जानकारी दिनुभयो ।

## सामाजिक सद्भावविरोधी क्रियाकलापको सूक्ष्म निगरानी गर्न निर्देशन

सुदूरपश्चिम । सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेशमा हुनसक्ने सामाजिक सद्भावविरोधी क्रियाकलापको सूक्ष्म निगरानी गरी त्यसविरुद्ध तयारी अवस्थामा रहन सरोकार भएका निकायलाई निर्देशन दिनुभएको छ ।

शनिबार बिहान धनगढीस्थित मुख्यमन्त्री निवासमा समसामयिक सुरक्षा स्थिति र विपद् व्यवस्थापनका विषयमा सुरक्षा निकायसँगको बैठकमा उहाँले सम्भावित चुनौतीको मिलेर सामना गर्नुपर्ने बताउनुभो । मुख्यमन्त्री शाहले सुनसरीसहित तराई-मधेसका जिल्लामा भइरहेका घटनाबाट सुदूरपश्चिममा पर्नसक्ने सम्भावित जोखिमबारे सचेत रहँदै सामाजिक सद्भाव कायम गर्ने/गराउने सम्बन्धमा सक्रिय हुन सबैलाई निर्देशन दिनुभयो ।

बैठकमा सामाजिक सद्भावका लागि सार्वजनिक अपिल र सबै जिल्लामा सद्भाव ऱ्यालीको आयोजना गर्न जिल्ला प्रशासन कार्यालयले समन्वय गर्ने विषयमा सूचित गरिइएको बारे मुख्यमन्त्रीलाई जानकारी दिइएको मुख्यमन्त्रीका जनसम्पर्क तथा प्रेस सल्लाहकार डम्बर बमले जानकारी दिनुभयो ।

"सामाजिक सद्भावविरोधी क्रियाकलापले यस प्रदेशमा पार्ने प्रभाव, शान्ति सुरक्षाको अवस्थाबारे पूर्वानुमान गरी त्यस्ता घटना हुन नदिन सुरक्षा निकायबाट पूर्वसर्तकता अपनाउन आवश्यक छ", मुख्यमन्त्रीको भनाइ उद्धृत गर्दै उहाँले भन्नुभयो, "यसका साथै मनसुनबाट सिर्जना हुनसक्ने विपद्लाई ध्यानमा राखी विपद् व्यवस्थापन, प्रतिकार्यलगायत कामका लागि तयारी अवस्थामा रहन सबै सुरक्षा निकायलाई निर्देशन दिइएको छ ।"

बैठकमा समसामयिक राजनीतिक तथा सामाजिक अवस्था, विभिन्न क्षेत्रमा भइरहेका प्रदर्शनका साथै मनसुनका कारण हुनसक्ने विपद्का बहुआयामिक चुनौतीबारे छलफल गरिएको थियो । बैठकले सामाजिक सद्भाव कायम गर्नका लागि सबैले आआफ्नो



क्षेत्रबाट सकारात्मक भूमिका निर्वाह गर्नका लागि अपिलसमेत गरेको छ ।

बैठकमा प्रमुखसचिव वैकुण्ठप्रसाद अर्याल, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव तेजप्रकाश जोशी, नेपाली सेना सुदूरपश्चिम पृतना मुख्यालय तेघरीका पृतनापति पवन खत्री, उपरथी किरण केसी, प्रदेश प्रहरी कार्यालयका प्रमुख सानुराम भट्टराई, सशस्त्र प्रहरी बल नेपाल नं ७ वैद्यनाथ बाहिनीका बहिनीपति दिगविजय सुवेदीलगायतको उपस्थिति थियो ।

## पच्चिस करोडभन्दा कम लागतका उद्योग प्रदेशबाटै

काठमाडौं । उद्योग विभागले स्थिर पुँजी रु २५ करोडभन्दा कम पुँजी भएका उद्योगको विभिन्न सिफारिसका काम प्रदेश सरकार र सो मातहतका निकायबाटै हुने स्पष्ट पारेको छ ।

उद्योग विभागले सार्वजनिक सूचना जारी गरेर प्रदेश सरकारको कार्यक्षेत्रभित्र पर्ने स्थिर पुँजी रु २५ करोडभन्दा कम पुँजी भएका उद्योगको हकमा उद्योगको लागि आवश्यक पर्ने मेसिनरी, औजार, कच्चा पदार्थसम्बन्धी कार्य प्रदेश सरकार र सो मातहतका निकायबाट हुने उद्योग विभागले जनाएको छ । त्यसैगरी रसायन आयात तथा वण्डेड वेयरहाउस एवं कच्चा पदार्थ खपतको नर्म्स निर्धारणलगायतका अन्य छुट, सुविधा, सहुलियतका सिफारिसहरू सम्बन्धित प्रदेश सरकार र सोअन्तर्गतका निकायहरूबाटै हुने पनि स्पष्ट पारेको छ । विभागले उद्योग दर्ता र सोसँग सम्बन्धित अन्य थप सात थरिका सेवा पनि अनलाइनमार्फत सेवा प्रवाह गर्ने भएको छ ।

## बिदाका दिन पनि राहदानी सेवा सञ्चालन

काठमाडौं । सेवाग्राहीको बढ्दो चापलाई व्यवस्थापन गर्न राहदानी विभागले दुई 'सिफ्ट'का साथै बिदाका दिन पनि सेवा सञ्चालन गरेको छ । विभागमा यही साउन १४ गते देखि दुई सिफ्टमा सेवा दिँदै दैनिक एक हजार ५०० आवेदन फाराम खुलाइएको छ । कोरियाको रोजगार अनुमति प्रणाली (इपिएस) का लागि आवेदन दिएका नेपाली सेवाग्राहीलाई सहजता प्रदान गर्न विभागले विद्युतीय राहदानीसम्बन्धी सेवा साउन १४ गतेदेखि २२ गतेसम्म दुई सिफ्टमा सञ्चालन गरिएको विभागले जनाएको छ ।

सम्पादकीय ....

## नागरिकसंग नजिक बन्नुपर्छ

काठमाडौं महानगरपालिकाको नेतृत्व गर्दा बालेनले देखाएको कडा प्रशासनिक अडान, सार्वजनिक जग्गा अतिक्रमण विरुद्धको अभियान र प्रणालीगत सुधारका प्रारम्भिक प्रयासलाई अब राष्ट्रिय तहमा विस्तार गर्ने अपेक्षा गरिएको थियो । महानगरमा सीमित अधिकार प्रयोग गरेका उनले देशको कार्यकारी प्रमुखका रूपमा सुशासन, जवाफदेही र रूपान्तरणको नयाँ युग शुरु गर्लान् भन्ने आशा धेरैमा थियो ।

सरकार बनेको चार महिना बित्न लाग्दा त्यो प्रारम्भिक उत्साह कमजोर हुँदै गएको छ । सरकारका केही काम सकारात्मक नभएका होइनन् । अनलाइन सेवा विस्तार, केही कर राहत, सरकारी कार्यालयमा बिचौलियाको प्रभाव घटाउने प्रयास तथा विद्यालय तहका परीक्षाको नतिजा समयमै सार्वजनिक गर्ने जस्ता कामको विपक्षी दलबाट समेत प्रशंसा भएको छ ।

सरकारको वास्तविक परीक्षा सजिलो र प्रचारयोग्य काममा होइन, न्यायको खोजीमा सडकमा बसेका, घरबाट विस्थापित भएका, ऋणको चक्रमा परेका र राज्यको सेवाबाट वञ्चित नागरिकसँग उसले गर्ने व्यवहारमा हुन्छ ।

सरकार बनेलगत्तै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकमाथि जेनजी आन्दोलनका क्रममा भएको मानवीय क्षतिसँग सम्बन्धित अनुसन्धान अघि बढाउँदै पक्राउ गरियो । गम्भीर घटनामा अनुसन्धान हुनु र जिम्मेवार व्यक्तिलाई कानूनी दायरामा ल्याइनु आवश्यक छ। कसैको राजनीतिक पद वा विगतको शक्तिले उसलाई अनुसन्धानभन्दा माथि राख्नुहुँदैन ।

तर अनुसन्धानको प्रक्रिया निष्पक्ष, प्रमाणमा आधारित र प्रतिशोधको आशंकाभन्दा माथि देखिनुपर्छ । सर्वोच्च अदालतले उनीहरूलाई 'प्रमाणविहीन पक्राउ गरिएको' ठहर गरेको होइन । अदालतले निश्चित समयभित्र अनुसन्धान पूरा गर्न र त्यस अवधिमा अनुसन्धान नसकिए शर्त सहित रिहा गर्न आदेश दिएको थियो ।

सरकारले कानूनी शासन स्थापित गर्न खोजेको हो भने त्यसको मापदण्ड सबैका लागि समान हुनुपर्छ । अनुसन्धान राजनीतिक सन्देश दिनका लागि होइन, सत्य पत्ता लगाउनका लागि हुनुपर्छ ।

स्पष्ट बहुमत भएको सरकारसँग संसदबाट कानून पारित गराउने पर्याप्त शक्ति हुँदाहुँदै अध्यादेशलाई प्राथमिकता दिनु संसदीय अभ्यासप्रतिको अनास्थाका रूपमा बुझिन सक्छ । कमजोर नागरिकमाथि राज्यशक्ति प्रदर्शन गर्नु सजिलो हुन्छ । तिनको पुनर्स्थापना गर्नु, रोजगारी जोड्नु र सम्मानपूर्ण जीवन सुनिश्चित गर्नु कठिन काम हो । सरकारको क्षमता कठिन काममै देखिनुपर्छ । सरकारले अध्यादेश मार्फत विभिन्न सार्वजनिक संस्थाका १ हजार ५३४ नियुक्ति खारेज गर्दा धेरैले त्यसलाई राजनीतिक भागबन्डा र अनावश्यक नियुक्ति विरुद्धको कदम मानेर स्वागत गरे । तर त्यसपछि सरकारले विभिन्न निकायमा पुनः नयाँ नियुक्ति गर्न थालेपछि ती नियुक्तिको मापदण्ड, पारदर्शिता र राजनीतिक निष्पक्षतामाथि प्रश्न उठ्नु स्वाभाविक छ । नयाँ सरकारले नियुक्ति गर्नै हुँदैन भन्ने होइन । तर पुराना नियुक्ति हटाउँदा अपनाइएको तर्क नयाँ नियुक्तिमा पनि समान रूपमा लागू हुनुपर्छ ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


## मानव र वन्यजन्तुबीच बढ्दो द्वन्द्व अवस्था

कृष्ण न्यौपाने

तनहुँमा पछिल्लो दशकयता चितुवाको आक्रमण मानव-वन्यजन्तु द्वन्द्वको गम्भीर चुनौतीका रूपमा देखा परेको छ । विशेषगरी बालबालिका चितुवाको निशानामा पर्ने गरेका छन् । जिल्लामा हुने अधिकांश आक्रमण साँझको समयमा हुने गरेका छन् । वन क्षेत्र नजिकका बस्तीमा चितुवाको उपस्थितिसँगै स्थानीयवासी त्रसित बन्न बाध्य छन् ।

तनहुँमा साँझ ५ बजेदेखि ८ बजेसम्मको अवधिमा चितुवाको आक्रमण बढी भएको पाइएको छ । जिल्लामा नौ वर्षको अवधिमा चितुवाको आक्रमणबाट १७ जनाको मृत्यु भएको छ । उक्त घटनामध्ये २२ वटा घटना साँझ ५ बजेदेखि ८ बजेसम्मको अवधिमा भएको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ ।

चितुवाको आक्रमणबाट मृत्यु भएका १७ जनामध्ये १३ जनाको मृत्यु साँझको समयमा भएको डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटले जानकारी दिनुभयो ।

साँझको समयमा घरआँगन वा बाटोमा खेलिरहेको अवस्थामा चितुवाले आक्रमण गरेको देखिएको रानाभाटले जानकारी दिनुभयो । बिहानको समयमा आक्रमण भएका घटनामा खेतबारी, गोठ तथा घर आसपासमा चितुवासँग जम्काभेट हुँदा घटना घटेका छन् ।

साँझ ५ बजेदेखि ८ बजेसम्मको समयमा २२ घटना घटेकामा १३ जनाको मृत्यु, नौ जना घाइते भएका छन् । बिहान ३ बजेदेखि ८ बजेसम्मको अवधिमा भएको सात घटनामा दुई जनाको मृत्यु र पाँच जना घाइते भएको रानाभाटले बताउनुभयो ।

त्यस्तै दिउँसो १२ बजेदेखि ५ बजेसम्म सात घटना भएकामा एक जनाको मृत्यु र छ जना घाइते भएका छन् भने राति ८ बजेपछि भएको दुई घटनामा एक जनाको मृत्यु र एक जना घाइते भएका छन् ।

दिनभरि झाडी, भीरपाखा तथा वन क्षेत्रमा लुकेर बस्ने चितुवा साँझपख सक्रिय हुन थाल्छ । यही समयमा मानिसहरू पनि खेतबारीबाट घर फर्किने, बालबालिका घरआँगनमा खेल्ने तथा पशु चौपाया गोठतर्फ ल्याउने गतिविधि हुने भएकाले मानव र चितुवाबीच जम्काभेटको सम्भावना बढ्दो रहेको रानाभाटको भनाइ छ ।

उहाँका अनुसार चितुवाको आक्रमणबाट पाँच वर्ष मुनिका चार जनाको मृत्यु र दुई जना घाइते, १० वर्षमुनिका दश जनाको मृत्यु र छ जना घाइते भएका छन् । एघारदेखि १५ वर्षसम्मका एक जनाको मृत्यु र दुई जना घाइते, १६ देखि ३० वर्षसम्मका दुई जना घाइते, ३१ देखि ५० वर्षसम्मका सात जना घाइते, ५० भन्दामाथिको दुई जना घाइते भएका छन् । आर्थिक वर्ष २०७४/७५ मा एक, २०७५/७६ मा दुई, २०७६/७७ मा पाँच, २०७७/७८ मा एक, २०७८/७९ मा एक, २०७९/८० मा तीन, २०८१/८२ मा एक र २०८२/८३ मा एक जनाको मृत्यु भएको छ । चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउन, एक्लै नहिँड्न सचेतनामूलक गरिँदै आएको उहाँको भनाइ छ । "चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाऔं, झाडी सफा गरौं, एक्लै नहिँडौं", उहाँले भन्नुभयो, "बच्चा तथा वृद्धहरुको विशेष ख्याल र रेखदेख गरौं ।"

मृग, वन कुखुरा लगायत वन्यजन्तु मानिसले शिकार गरिदिँदा वनमा शिकारको अभाव भई चितुवाले मानिसको शिकार गर्न थालेको उहाँले बताउनुभयो ।

जङ्गल फँडानी गरेर बस्ती बसाल्ने, जङ्गली जनावर मारेर खाइदिने कारणले गर्दा र मानव र वन्यजन्तुबीच द्वन्द्व बढ्दो अवस्थामा रहेको छ । "तनहुँमा विशेषगरी चितुवाको समस्या रहेकाले चितुवाको स्वभाव, यसले आक्रमण गर्न सक्ने समय लगायतका विषयमा उपभोक्तालाई बेला-बेलामा जानकारी गराएका छौं", उहाँले भन्नुभयो, "चितुवा सक्रिय हुने समय र



आनीबानी बुझ्न सकिए यसबाट बच्न सकिन्छ ।" वनजङ्गलमा पाइने जीवजन्तु मानिसले शिकार गरेर खाइदिने गरेका कारण पनि चितुवाले बस्तीमा आएर मानिसलाई आक्रमण गर्न थालेको छ ।

चितुवाको प्राकृतिक खाना भनेको जीवजन्तु नै भए पनि त्यस्ता जीवजन्तु मानिसले खाइदिने गरेका कारण चितुवाको सिकार मानिस हुन थालेको अध्ययनबाट देखिएको छ । "चितुवाको प्राकृतिक खाना मानिस होइन", उहाँ भन्नुहुन्छ, "तर वनभित्र पर्याप्त शिकार नपाउँदा उसले बस्ती क्षेत्रलाई विकल्पका रूपमा लिन थालेको देखिन्छ ।"

पछिल्ला वर्षमा तनहुँका विभिन्न क्षेत्रमा सडक विस्तार, बस्ती विकास तथा वन क्षेत्रको अतिक्रमण बढेको छ । वन क्षेत्र खुम्चिँदै जाँदा चितुवा र मानिसको दूरी घट्दै गएको छ । विशेषगरी बन्दीपुर, भानु, व्यास, शुक्लागण्डकी तथा आँबुखैरेनी क्षेत्रका वन आसपासका बस्तीहरूमा चितुवा देखिने क्रम बढेको छ । वन र बस्तीको सीमाना अस्पष्ट बन्दै जाँदा द्वन्द्वका घटना बढिरहेका छन् ।

### ३१ जनाको मृत्यु

आव २०७४/७५ देखि २०८२/८३ सम्म जिल्लाका विभिन्न स्थानीय तहमा चितुवाको आक्रमणका घटना भएका हुन् । मृत्यु हुनेमध्ये बन्दीपुर गाउँपालिकामा सबैभन्दा बढी सात जना रहेका छन् । त्यसैगरी भानु नगरपालिकामा पाँच जना, व्यास नगरपालिकामा दुई जना, शुक्लागण्डकी नगरपालिकामा दुई जना तथा आँबुखैरेनी गाउँपालिकामा एक जनाको मृत्यु भएको छ । यस अवधिमा चितुवाको आक्रमणबाट २१ जना घाइते भएका छन् । घाइतेमध्ये भानु नगरपालिकामा नौ जना, बन्दीपुर गाउँपालिकामा चार जना, व्यास नगरपालिकामा चार जना, आँबुखैरेनी गाउँपालिकामा दुई जना, शुक्लागण्डकी नगर पालिकामा एक जना तथा म्याग्दे गाउँपालिकामा एक जना रहेका छन् ।

### रु ३२ लाख राहत वितरण

कार्यालयले वन्यजन्तुबाट क्षति भएकालाई राहत वितरण गर्दै आएको छ । चितुवाको आक्रमणबाट मृत्यु भएकाको परिवार, वन्यजन्तुबाट बालीनालीमा पुगेको क्षतिको मूल्याङ्कन गरी राहत वितरण गर्ने गरिएको छ । विसं २०७६ देखि २०८३ सम्म रु ३१ लाख ७६ हजार चार सय ५० राहत वितरण गरिएको छ । २०७६ सालमा रु तीन लाख ११ हजार पाँच सय, २०७७ मा रु चार लाख ७६ हजार, २०७८ मा रु १५ हजार, २०७९ मा रु सात लाख १८ हजार, २०८० मा रु चार लाख १६ हजार आठ सय, २०८१ मा रु छ लाख आठ हजार, २०८२ मा रु पाँच लाख ८९ हजार २५० र २०८३ मा रु ४१ हजार नौ सय राहत वितरण गरिएको छ ।

वन्यजन्तु र मानवबीचको द्वन्द्व पछिल्ला वर्षहरूमा चुनौतीका रूपमा देखिन थालेको उल्लेख गर्दै वन्यजन्तुको प्राकृतिक वासस्थान खुम्चिँदै जानु, जङ्गल आसपास मानव बस्ती विस्तार हुनु तथा खाद्यान्नको खोजीमा वन्यजन्तु बस्ती क्षेत्रमा प्रवेश गर्नु मुख्य कारण रहेका छन् । "तनहुँका विभिन्न ग्रामीण क्षेत्रमा बाँदर, भालु, बँदेललगायतका वन्यजन्तुले कृषिबाली तथा पशुधनमा क्षति पुर्‍याउने र कतिपय अवस्थामा मानिसमाथि समेत आक्रमण गर्ने घटना भइरहेका छन्", रानाभाटले भन्नुभयो, "यस्ता घटनाबाट प्रभावित नागरिकलाई राहत उपलब्ध गराउनु सरकारको दायित्व हो । त्यसैले निर्देशिका अनुसार निवेदन परेका घटनाको स्थलगत अध्ययन गरी राहत वितरण गरिरहेका छौं ।"

उहाँले वन्यजन्तुबाट हुने क्षति न्यूनीकरणका लागि राहत वितरण मात्र पर्याप्त नभएको बताउँदै दीर्घकालीन समाधानका उपायहरूमा समेत कार्यालयले काम गरिरहेको जानकारी दिनुभयो । वन्यजन्तु प्रवेश रोक्न तारबार, जनचेतनामूलक कार्यक्रम, वन क्षेत्र व्यवस्थापन तथा स्थानीय समुदायसँगको सहकार्यलाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो । "किसानले मेहनत गरेर लगाएको बाली नष्ट हुँदा र पशुधन गुमाउँदा ठूलो आर्थिक क्षति बेहोर्नुपर्छ । त्यसैले राहतसँगै क्षति न्यूनीकरणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक छ ।" उहाँले भन्नुभयो ।

रानाभाटका अनुसार वन्यजन्तुबाट क्षति भएमा प्रभावित नागरिकले सम्बन्धित वडा कार्यालय, सामुदायिक वन उपभोक्ता समूह वा डिभिजन वन कार्यालयमा समयमै जानकारी गराउनुपर्ने व्यवस्था रहेको छ । घटनाको सत्यतथ्य मूल्याङ्कनपछि निर्देशिकामा तोकिएबमोजिम राहत उपलब्ध गराइने गरिएको छ । तनहुँका व्यास, भानु, शुक्लागण्डकी, बन्दीपुर, घिरिङ, म्याग्दे तथा आँबुखैरेनी क्षेत्रका विभिन्न ग्रामीण बस्तीहरूमा बाँदर र अन्य वन्यजन्तुका कारण कृषिबाली तथा पशुधनमा क्षति पुग्ने समस्या बर्सेनि दोहोरिने गरेको छ । विशेषगरी मकै, धान, तरकारी तथा फलफूलखेती वन्यजन्तुको निशानामा पर्ने गरेका छन् । चितुवा नियन्त्रणभन्दा पनि मानव-वन्यजन्तु सहअस्तित्वलाई प्राथमिकता दिनुपर्ने औंल्याइएको छ । वन्यजन्तुको प्राकृतिक बासस्थान संरक्षण, अवैध शिकार नियन्त्रण, वन क्षेत्र व्यवस्थापन, जनचेतना अभिवृद्धि तथा बस्ती सुरक्षाका उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नसके मात्र समस्या दीर्घकालीन रूपमा समाधान हुन सक्छ ।


## भू-संरक्षणमा ध्यान दिऔं

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं.
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं ।

भू-रक्षा: जीवनको सुरक्षा

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

## करदाता प्रोत्साहन उपहार कार्यक्रमलाई सहजीकरण गर्न निर्देशन

काठमाडौं । नेपाल राष्ट्र बैंकले 'करदाता प्रोत्साहन उपहार कार्यक्रम, २०८३' सञ्चालनका लागि आवश्यक सहजीकरण गर्न भुक्तानीसम्बन्धी कार्य गर्न अनुमति पाएका संस्थालाई आग्रह गरेको छ ।

केन्द्रीय बैंकले एक सूचनामार्फत करदाता प्रोत्साहन उपहार कार्यक्रम, २०८३ यही साउन २१ गतेदेखि सञ्चालनमा आउने जानकारी सबै ग्राहकलाई पठाउन भनेको छ । सो कार्यक्रममा सहभागिताका लागि मोबाइल एप अद्यावधिक गर्नुपर्ने भएमा त्यसबारेको सूचना ग्राहकलाई पठाउन अनुरोध गरिएको नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक निश्चल अधिकारीले जानकारी दिनुभयो ।

भुक्तानीसम्बन्धी कार्य गर्न अनुमति पाएका संस्थाले मोबाइल एपमा करदाता प्रोत्साहन उपहार कार्यक्रम, २०८३ सम्बन्धी बारम्बार सोधिने प्रश्नहरूको छुट्टै खण्ड समावेश गर्न केन्द्रीय बैंकले अनुरोध गरेको छ। यस्तै, करदाता प्रोत्साहनसम्बन्धी सूचना यही साउन १६ गतेदेखि प्रवाह गर्नसमेत आग्रह गरिएको छ ।

यस्तो छ सरकारको लखपति बनाउने योजना

सरकारले अब हरेक दिन कर प्रणालीमा आबद्ध नागरिकलाई लखपति बनाउने योजनाअनुसार सो कार्यक्रम अगाडि बढाएको हो ।

मूल्य अभिवृद्धि कर (भ्याट) र स्थायी लेखा नम्बर (प्यान)मा आबद्ध भएका तथा रु १०० भन्दा बढीको कारोबारमा अनलाइन वा नगद भुक्तानी गरी बिल लिएका नागरिक यो योजनामा सरिक हुन पाउनेछन्। त्यसका लागि रु १०० भन्दा बढीको सामान किन्दा वा होटल र रेस्टुरेन्टमा भुक्तानी गर्दा सक्कली बिल लिनुपर्नेछ ।

हाललाई हरेक महिनाको १ गते र १६ गते विजेता उपभोक्ता छनोट गरिनेछ । अर्थ मन्त्रालयले 'करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन कार्यविधि, २०८३' नै कार्यान्वयनमा ल्याइसकेको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले दिएको अधिकार प्रयोग गरी अर्थ मन्त्रालयले उक्त कार्यविधि बनाएको हो । करदाता प्रोत्साहन उपहार कार्यक्रमलाई सरल, सहज, व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालनका लागि कार्यविधिमा विशेष व्यवस्था गरिएको छ ।

वस्तु तथा सेवा खरिद बिक्रीमा बिजक लिने-दिने संस्कृतिको विकास गरी कर अनुपालना अभिवृद्धि गर्न, वास्तविक कारोबार अभिलेखीकरणलाई प्रोत्साहन गर्न उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको कार्यविधिमा उल्लेख छ ।

आन्तरिक राजस्व विभागले सो कार्यक्रम सञ्चालन गर्नेछ । कार्यक्रम सञ्चालनका लागि आवश्यकताअनुसार विभागले आयोजक छनोट गर्न वा व्यवस्थापनको जिम्मेवारी तोक्न सक्नेछ । कार्यक्रमअनुसार पाक्षिक रूपमा बम्पर उपहारस्वरुप एक जनालाई रु १० लाख उपलब्ध गराइनेछ । यस्तै, दैनिक रूपमा छनोट हुने एक विजेता उपभोक्तालाई जनही रु एक लाख ३३ हजार ३३३ उपलब्ध गराउनेछ ।

छनोट भएका उपभोक्ताको नाम आन्तरिक राजस्व विभागको वेबसाइट र सामाजिक सञ्जालबाट सार्वजनिक हुनेछ । आयकर ऐनबमोजिम आकस्मिक लाभ बापतको भुक्तानीमा २५ प्रतिशतका दरले करकट्टी हुनेछ ।

व्यावसायिक प्रयोजनका लागि खरिद भएका बिजक, सरकारी निकाय वा सार्वजनिक संस्थाको नाममा जारी भएका बिजक भने कार्यक्रममा सहभागी हुन पाउने छैनन् । टेलिफोन, इन्टरनेट, विद्युत्, सवारी तथा ढुवानीका साधन, हवाई टिकट खरिदबापतको बिजक पनि सहभागी हुनसक्ने छैन । स्थायी लेखा नम्बर नलिएका व्यक्तिले खरिद गरेको बिजक पनि मान्य नहुने कार्यविधिमा उल्लेख छ ।

सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत करदातालाई सम्मान गर्ने उद्देश्यका साथ यो कार्यक्रम सञ्चालन गर्न लागेको हो । करदातालाई सम्मान गर्न एवं कर तिर्ने बानीको विकास गर्दै बिल बिजक लिने-दिने अभ्यास बढाउनका लागि उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको आन्तरिक राजस्व विभागले उल्लेख गरेको छ ।

स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको अधीनमा रही करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन गरिनेछ । प्रत्येक महिनाको १ गतेदेखि सोही महिनाको मसान्तसम्म भएका विद्युतीय भुक्तानीबाट गरिएको खरिद तथा प्रणालीमा प्रविष्ट भएका बिजक सो महिनाको कार्यक्रममा समावेश गरिनेछ ।

प्रत्येक खरिद बिजक र विद्युतीय भुक्तानीबाट गरिएको खरिदबापत प्रणालीबाट एउटा उपहार टिकट उपलब्ध हुनेछ । प्रणालीमा प्रविष्ट भएको बिजक एकपटकका लागि कार्यक्रममा सहभागी हुन योग्य हुने व्यवस्था कार्यविधिले गरेको छ ।

बिजक नम्बर, बिक्रेताको स्थायी लेखा नम्बर, बिजक जारी मिति, बिजकका उल्लेखित कुल रकम, भुक्तानीको प्रकार, खरिदकर्ताको नाम र मोबाइल नम्बर उल्लेख भएको हुनुपर्नेछ । भुक्तानी नगदमा गरिएको हो वा विद्युतीय हो भन्ने खुलाउनुपर्नेछ । प्रणालीमा प्रविष्ट विवरणको स्वचालित प्रमाणीकरण गरी योग्य बिजक तथा विद्युतीय भुक्तानीबाट गरिएको खरिदलाई कार्यक्रममा समावेश गरिनेछ ।

विजेता उपभोक्ता छनोट गर्दा उच्चपदस्थ वा ख्यातिप्राप्त व्यक्ति, विभिन्न निकायका प्रतिनिधि र सञ्चार प्रतिनिधिलाई आमन्त्रण गर्न सकिने व्यवस्था कार्यविधिमा छ । विजेता उपभोक्तालाई निजको मोबाइल नम्बर वा इमेलको माध्यमबाट छनोट भएको जानकारी दिनुपर्नेछ ।

उपहार रकम विजेताको बैंक खातामा विभागले सोझै भुक्तानी गर्नेछ । तोकिएको समयभित्र कागजातसहित उपहार दाबी गर्न नआउने विजेताको उपहार रकम भने प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुनेछ ।

## कुवेत आक्रमणमा परी निधन भएका नेपाली नागरिकको पार्थिव शरीर स्वदेश ल्याइँदै

काठमाडौं । परराष्ट्र मन्त्रालयले कुवेतमा भएको आक्रमणमा परी निधन भएका नेपाली नागरिकको पार्थिव शरीर स्वदेश ल्याउन लागिएको जनाएको छ ।

उत्तरी कुवेतमा बिहीबार भएको आक्रमणमा परी निधन हुनुभएका तेह्रथुम निवासी नेपाली नागरिक सोमकुमार तामाङको पार्थिव शरीर शनिबार कुवेत एयरवेजमार्फत नेपाल ल्याउन लागिएको हो । यस दुःखद् घटनाप्रति मन्त्रालयले दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेको छ । शनिबार (हिजो) कुवेतस्थित नेपाली राजदूतावासले स्थानीय निकाय तथा सम्बन्धित कम्पनीसँग आवश्यक समन्वय गरी पार्थिव शरीर स्वदेश पठाउने प्रक्रिया सम्पन्न गरेको जनाएको छ ।

## ग्यासको आपूर्ति नियमित छ, अभाव छैन

काठमाडौं । खाना पकाउने एलपी ग्यासको बिक्रीलाई व्यवस्थित बनाउन नेपाल आयल निगमले टेकुस्थित कार्यालयबाट विभिन्न पाँच कम्पनीको ग्यास सिलिण्डर बिक्री गर्ने व्यवस्था मिलाएको छ ।

निगमले शनिबारदेखि काठमाडौं उपत्यकामा बजारीकरण गर्ने नेपाल, एचपी, एभरेष्ट, सुगम र श्रीराम ग्यासका सिलिण्डर सम्बन्धित उद्योगमार्फत बिक्रीवितरण गर्ने व्यवस्था मिलाएको हो । निगमका प्रवक्ता मनोज ठाकुरका अनुसार ती उद्योगले बिहान ११:०० देखि अपराह्न ५:०० बजेसम्म १४ दशमलव दुई केजीका ग्यास सिलिण्डरको बिक्री वितरण गर्नेछन् ।

गत जुलाईमा मात्रै करिब ४९ हजार मेट्रिकटन ग्यास आयात भएको निगमले जनाएको छ । उद्योगीले यही साउन १ गतेदेखि १५ गतेसम्म २६ दशमलव पाँच मेट्रिकटन ग्यास आयात गरेका छन् । "ग्यासको अभाव होइन, मागअनुसारको ग्यास आपूर्ति भइरहेको छ, सात दशमलव एक किलो ग्यास भएको सिलिण्डरबाट १४ दशमलव दुई किलोमा 'स्वीच' हुँदा तत्काल समस्या देखिएको हो", प्रवक्ता ठाकुरले भन्नुभयो, "बढीमा एक सातामा ग्यासको बिक्रीवितरण सहज हुनेछ ।"

निगमले माग अनुसारको ग्यास आयत भइरहेको दाबी गरेपनि उपभोक्ताले सहजै ग्यास पाउन नसकेको गुनासो गरेका छन् । काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा ग्यासको अभाव देखिएको छ । अधिकांश बिक्रेताले उद्योगबाट ग्यास नआएको भन्दै उपभोक्तालाई फर्काइरहेका छन् ।

काठमाडौंको बालाजु क्षेत्रमा बसोबास नवराज पोखरेलले केहीदिनदेखि सहज रूपमा ग्यास नपाएको गुनासो गर्नुभयो । "ग्यास पसलमा जाँदा उद्योगबाट ग्यास नआएको भनेकाले नाम टिपाएर आएको छु । एक-दुई दिनमा ग्यास आएपछि पसलेले पठाउँछु भनेका छन्", उहाँले भन्नुभयो ।

एलपी ग्यासको आयात तथा बिक्रीवितरण नियमित भइरहेको जनाउँदै निगमले आवश्यकताअनुसार मात्र ग्यास खरिद गर्न एवं अनावश्यक भण्डारण नगर्न उपभोक्तालाई आग्रह गरेको छ । उपभोक्ताबाट बजारमा ग्यास अभाव भएको भन्ने गुनासो आइरहेकातर्फ उद्योगीको ध्यानाकर्षण गराउँदै निगमले ग्यासको सहज आपूर्तिको व्यवस्था मिलाउन उद्योगीलाई निर्देशन दिएको छ ।

निगमले घरायसी प्रयोजनका उपभोक्तालाई प्राथमिकता दिन तथा खरिदकर्ताको नाम, ठेगाना र सम्पर्क नम्बरको विवरण राखी ग्यासको बिक्री व्यवस्थित बनाउन बिक्रेतालाई अनुरोध गरेको छ । दैनिक रूपमा मागअनुसार ग्यासको आपूर्ति भइरहेको स्पष्ट पार्दै निगमले ग्यास नपाएको अवस्थामा हटलाइन नम्बरमा सम्पर्क गर्न अनुरोध गरेको छ ।

## नेपाल-चीन कूटनीतिक सम्बन्ध ७२ वर्षमा

काठमाडौं । नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७१ वर्ष शनिबार पूरा भएको छ ।

यस अवसरमा नेपालका लागि चीनका राजदूत चाङ माओमिङले दुई देशबीचको परम्परागत मित्रता, पारस्परिक सम्मान र पारस्परिक हितमा आधारित सहकार्यलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

राजदूत चाङले जारी गर्नुभएको शुभकामना सन्देशमा चीन-नेपाल कूटनीतिक सम्बन्ध स्थापना भएको ७१औं वर्षगाँठका अवसरमा जारी शुभकामना सन्देशमा विगत ७१ वर्षदेखि दुवै मुलुकबीच दिगो मित्रता, पारस्परिक सम्मान र आपसी लाभमा आधारित सहकार्य निरन्तर सुदृढ हुँदै गएको उल्लेख गरिएको छ । सन्देशमा उहाँले नेपालसँगको परम्परागत मित्रतालाई निरन्तर अघि बढाउँदै विकास र समृद्धिका लागि चिरस्थायी मित्रतामा आधारित रणनीतिक साझेदारीलाई थप उचाइमा पुऱ्याउन तथा त्यसबाट दुवै देशका जनतालाई अझ बढी लाभ पुऱ्याउन नेपालसँग सहकार्य गर्न तत्पर रहेको बताउनुभएको छ ।

सन् १९५५ अगस्ट १ मा नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको हो । त्यसयता दुवै मुलुकबीच राजनीतिक, आर्थिक, पूर्वाधार, व्यापार, शिक्षा, संस्कृति तथा जनस्तरीय सम्बन्ध लगायत विविध क्षेत्रमा निरन्तर रुपमा सहकार्य हुँदै आएको छ ।

## मानव बेचबिखनसम्बन्धी विधेयकलाई समयानुकूल बनाउनुपर्नेमा जोड

काठमाडौं । मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी पहिलो संशोधन विधेयकलाई वर्तमान चुनौती र प्रविधिको विकासअनुसार समयानुकूल बनाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

महिला, कानुन र विकास मञ्चले गत बिहीबार विश्व मानव बेचबिखन विरुद्धको दिवसका अवसरमा आयोजना गरेको छलफल कार्यक्रममा पछिल्लो समय मानव बेचबिखन र ठगीका नयाँ स्वरूप देखिएकाले विधेयकले ती विषयलाई समेट्नुपर्ने आवश्यकता औँल्याइएको हो ।

कार्यक्रममा सहन्यायाधिवक्ता सोमकान्त भण्डारीले मानव बेचबिखनको वर्तमान अवस्था, अपराधमा संलग्नता, प्रभाव, अपराधका प्रकार, कारण, स्वरूप, अभियोजन तथा सुधार गर्नुपर्ने पक्षबारे प्रस्तुति दिनुभएको थियो ।

तथ्याङ्कअनुसार नेपालबाट हरेक वर्ष करिब ३५ हजार व्यक्ति मानव बेचबिखन तथा मानव तस्करीको जोखिममा पर्ने गरेका छन् । नागरिक ठगी, शोषण र असुरक्षाको जोखिममा रहेको तथा भिजिट भिसा, सामाजिक सञ्जाल र प्रविधिको दुरुपयोग गरी मानव बेचबिखन तथा ओसारपसारका घटना बढिरहेको उल्लेख गरिएको थियो ।

अधिवक्ता सविन श्रेष्ठले पछिल्लो समय प्रविधिमार्फत हुने मानव बेचबिखनका नयाँ स्वरूपलाई विधेयकले समेट्नुपर्ने बताउनुभयो । उहाँले राष्ट्रियसभाबाट पारित सङ्कल्प प्रस्ताव र सरकारले संसद्मा दर्ता गर्ने तयारी गरेका विधेयकमध्ये मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी संशोधन विधेयक महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो । सामाजिक अभियन्ता अनिल रघुवंशीले गत वर्षमात्रै करिब ३५ हजार नेपाली विभिन्न प्रलोभन, प्रविधिको दुरुपयोग र सङ्गठित ठगीको सिकार भएको बताउनुभयो । उहाँका अनुसार विश्वका ७७ देशबाट यस्ता ठगीका घटना हुने भए पनि दक्षिणपूर्वी एसियाबाट करिब ७४ प्रतिशत घटना हुने गरेका छन् ।

उहाँले सन् २०२१ मा १०१ नेपाली कम्बोडिया पुगेकामा सन् २०२५ मा यो सङ्ख्या नौ हजार ६७६ पुगेको जानकारी दिनुभयो । तीमध्ये ४२२ जनाको उद्धार गरिए पनि थोरै घटनामा मात्र मुद्दा चलेको उहाँले बताउनुभयो । अधिकांश पीडित सूचना प्रविधिसम्बद्ध जनशक्ति रहेको उहाँको भनाइ थियो । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव राजेन्द्रप्रसाद अधिकारीले संशोधन विधेयकले सीमापार हुने अपराधलाई समेत समेट्ने बताउनुभयो । उहाँले अपराधको स्पष्ट परिभाषा, कानुनी व्यवस्था र कानुनी सहायताको एकद्वार प्रणालीलाई विधेयकमा समावेश गरिने जानकारी दिनुभयो । मन्त्रालयले यस वर्षलाई कानुन निर्माणको वर्षका रूपमा अघि बढाएको र १६५ वटा कानुन निर्माण गर्ने लक्ष्य राखेको उहाँले बताउनुभयो । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव वसन्तप्रसाद पन्थीले कानुनमा भइरहेको सुधारलाई सकारात्मक रूपमा लिन आग्रह गर्नुभयो । उहाँले राष्ट्रिय नीतिको कार्यान्वयनसँगै विधेयक संशोधनले मानव बेचबिखन नियन्त्रणमा थप प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

मानव बेचबिखन अनुसन्धान ब्यूरोका प्रहरी उपरीक्षक रेवतीरमण पोखरेलले वर्तमान कानुनलाई अनुसन्धानमैत्री बनाउनुपर्ने बताउनुभयो । स्पष्ट कानुनी व्यवस्था, प्रविधिको प्रयोग र सामाजिक सञ्जालमार्फत हुने अपराधको अनुसन्धानलाई सहज बनाउने प्रावधान आवश्यक रहेको उहाँको भनाइ थियो । कार्यक्रममा डचेन लामाले मानव बेचबिखनका नयाँ स्वरूप, विशेषगरी डिम्ब तस्करी र स्किन तस्करीजस्ता विषय पनि विधेयकमा समेट्नुपर्ने धारणा राख्नुभयो ।

सामाजिक अभियन्ता नानी-माया थापाले मानव बेचबिखनलाई केवल यौन शोषणसँग मात्र जोडेर नहेर्न आग्रह गर्दै यसबारे जनचेतना अभिवृद्धिका लागि विद्यालयको पाठ्यक्रम मै समावेश गर्नुपर्ने धारणा राख्नुभयो ।

## घुससहित भूमि प्रशासनका कर्मचारी र लेखापढी व्यवसायी नियन्त्रणमा



काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भूमि प्रशासन कार्यालय लगनखेलमा कार्यरत कर्मचारी तथा लेखापढी व्यवसायीले रु तीन लाख घुस मागेको भन्दै पाँच जनालाई शुक्रबार नियन्त्रणमा लिएको छ ।

सो कार्यालयका नायबसुब्बा उत्तम कुँवर, विशाल सुन्दास, राजकुमार मगर र लेखापढी व्यवसायी शैलेन्द्र रानामगर र समीर कटवालसमेतको मिलेमतोमा जग्गाको बकसपत्र गराउने कामका लागि दुःख हैरानी दिई सेवाग्राहीसँग रु तीन लाख घुस/रिसवत माग गरेको भन्ने सूचना तथा उजुरीका आधारमा निजहरूलाई नियन्त्रणमा लिइएको आयोगले जनाएको छ । आयोगका प्रवक्ता सुरेश न्यौपानेले आयोगको टोलीले रु तीन लाख घुस/रिसवतबापतको रकम र स्रोत नखुलेको रु २४ हजार ८९० सहित ललितपुर महानगर वडा नं ४ स्थित एक होटलबाट शुक्रबार नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो ।

## बागमती प्रदेश सडक दुर्घटना : चितवनमा सबैभन्दा धेरै, रामेछापमा कम

चितवन। बागमती प्रदेशका १० जिल्लामा एक हजार ९२४ सडक दुर्घटना भएका छन् । गत आर्थिक वर्षमा काठमाडौँ उपत्यकाबाहेकका प्रदेशका ती जिल्लामा सो सङ्ख्यामा दुर्घटना भएका हुन् ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगरका अनुसार गत आवमा प्रदेशका १० जिल्ला मध्ये चितवनमा सबैभन्दा धेरै दुर्घटना भएका छन् । चितवनमा ५४५ दुर्घटना भएको कार्यालयले जनाएको छ ।

कार्यालयका प्रमुख प्रहरी उपरीक्षक डिल्लीनारायण पाण्डेका अनुसार सबैभन्दा कम दुर्घटना हुने जिल्लाका रुपमा रामेछाप रहेको छ । सो जिल्लामा एक वर्षमा ४७ दुर्घटना भएका छन् । प्रदेशभित्र दुर्घटनाका हिसाबले मकवानपुर दोस्रो, धादिङ तेस्रो, सिन्धुली चौथो स्थानमा छन् ।

यस्तै, काभ्रे, सिन्धुली, रसुवा, सिन्धुपाल्चोक र रामेछाप क्रमशः छन् । एक वर्षमा भएका दुर्घटनामध्ये मुख्य राजमार्गमा धेरै दुर्घटना भएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार मुख्य राजमार्गमा एक हजार ११४, ग्रामीण सडकमा ५३९ र सहरी क्षेत्रमा २७१ दुर्घटना भएका छन् । प्रदेशभित्र सवारी दुर्घटना दिनको १२:०० बजे देखि साँझको ६:०० बजेसम्म बढी दुर्घटना भएका छन् । प्रमुख पाण्डेका अनुसार सो समयमा ७४० दुर्घटना भएका छन् । साँझ ६:०० बजेदेखि राति १२:०० बजेसम्म ५७२ वटा, बिहान ६:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ४९४ र राति १२ बजेदेखि बिहान ६:०० बजेसम्म ११८ सवारी दुर्घटना भएका छन् ।

कार्यालयको तथ्याङ्क अनुसार प्रदेशका १० जिल्लामा भएका दुर्घटनामा परी एक वर्षमा ३४० जनाले ज्यान गुमाएका छन् भने तीन हजार ७६३ जना घाइते भएका छन् । अघिल्लो आव २०८१/०८२ मा प्रदेशभित्र दुई हजार ४१२ दुर्घटना भएका थिए । ती दुर्घटनामा परी ३०४ जनाले ज्यान गुमाएका थिए भने चार हजार ७४७ जना घाइते भएका थिए ।

## हेटौँडाको दक्षिणकाली मन्दिरमा दर्शनार्थीको आकर्षण

बागमती। हेटौँडा उपमहानगरपालिका-५ सानोपोखरामा अवस्थित दक्षिणकाली मन्दिर यस क्षेत्रको धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास भइरहेको छ ।

हेटौँडाको व्यस्त बजारबाट करिब एक किलोमिटर दक्षिणपश्चिममा रहेको यस मन्दिरमा बिहान बेलुका साथै विशेषगरी सार्वजनिक बिदाको दिन र महत्वपूर्ण तिथिमा दर्शनार्थीहरू आउने गरेको दक्षिणकाली मन्दिर क्षेत्र पर्यटन विकास समितिका कोषाध्यक्ष लक्ष्मीबहादुर श्रेष्ठले जानकारी दिनुभयो ।

प्रत्येक वर्ष दसैंको नवरात्रका समयमा हेटौँडा र आसपासका क्षेत्रबाट सङ्ख्यामा दर्शनार्थी आउने गरेका छन् ।

मन्दिर स्थापनाको इतिहास भने त्यति लामो नभएको उल्लेख गर्दै उहाँले काठमाडौँ चाल्नाखेलस्थित दक्षिणकालीकै स्वरुपमा यस मन्दिरको निर्माण गरिएको बताउनुभयो ।

सुरुमा हाल मन्दिर भएको ठाउँमा तत्कालीन सांसद लोकबहादुर थापाको सहयोगमा चौर बनाइएको थियो । कोषाध्यक्ष श्रेष्ठका अनुसार यस चौरमा सानो पोखरा युवा क्लबले खेल मैदान बनाउन खोजे पनि ठाउँ पर्याप्त नभएपछि स्थानीयवासीको सक्रियतामा दक्षिणकाली को मन्दिर निर्माण गरिएको हो । काठमाडौँको दक्षिणकालीकै स्वरुपमा चाल्नाखेलमा मूर्ति बनाउन लगाएर स्थापित गरी २०६५ जेठ १७ मा मन्दिरको विधिवत् उद्घाटन गरिएको उहाँले जानकारी दिनुभयो ।

मन्दिर स्थापनायता यस क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न दक्षिणकाली मन्दिर क्षेत्र पर्यटन विकास समिति निरन्तर लागिरहेको छ ।

मन्दिरलाई पर्यटनसँग जोड्नका लागि यहाँ परिसरमा वनभोजस्थल निर्माण गरिएको छ । मन्दिरको अन्य कुनै आयआर्जनको स्रोत नभएपछि वनभोज स्थललाई उपयोग गर्न दिएबापत केही शुल्क सहयोगस्वरुप लिने गरिएको छ । वनभोजका लागि आउने समूहलाई यहाँ रहेका जालीसहितको ट्रष्ट उपयोग गरेबापत दुई हजार, मन्दिरको उत्तरतर्फ रहेको ट्रष्ट उपयोग गरेबापत एक हजार ५०० रुपैयाँ तथा परिसरमा नै रहेका अन्य दुई वटा स्थल उपयोग गरेबापत एक/एक हजार रुपैयाँ सहयोग शुल्क लिने गरिएको उहाँले जानकारी दिनुभयो ।

मन्दिरको पूजाआजा एवं संरक्षण गरेबापत पुजारीलाई मासिक नौ हजार रुपैयाँका साथै वनभोजस्थल उपयोगका लागि दिएबापत आउने सहयोग शुल्कमध्येबाट दुई/दुई सय रुपैयाँका दरले पारिश्रमिक स्वरुप उपलब्ध गराउने गरिएको उहाँले जानकारी दिनुभयो ।

संस्थालाई विधिवत् रुपमा सञ्चालनका लागि विधान दर्तासँगै समाजकल्याण परिषद्मा दर्ता गरिएको उहाँले जानकारी दिनुभयो ।

विभिन्न विवाह तथा धार्मिक कार्यमा वनभोजस्थलमा रहेका ट्रष्टको उपयोग गरेबापत सोहीअनुरुप नै सेवा शुल्क लिइने तथा परिसरमा निर्माण गरिएको संरचना उपयोग गरेबापत पाँच सय रुपैयाँ दरले सेवा शुल्क लिने गरिएको छ । पूर्वाधार विकासका साथै तिनीहरूको संरक्षण र उपयोग गर्दै मन्दिरलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउने लक्ष्यअनुसार नै संस्था निरन्तर रुपमा लागिरहेको बताउनुभयो ।

## उद्योग विभागका अधिकांश सेवा पूर्ण रूपमा अनलाइनबाटै

काठमाडौँ । उद्योग विभागले आफूबाट प्रवाह हुने अधिकांश सेवा पूर्ण रूपमा अनलाइन प्रणालीमार्फत सञ्चालनमा आइसकेको भन्दै सेवाग्राहीलाई सेवा लिन भौतिक रूपमा विभागमा उपस्थित नहुन आग्रह गरेको छ ।

विभागले अत्यावश्यक सूचना जारी गर्दै हालसम्म अनलाइन प्रणालीमा समावेश हुन बाँकी रहेका सेवासमेत क्रमशः अनलाइनमा ल्याउने प्रयास जारी रहेको जनाएको छ ।

विभागले अनलाइन प्रणाली मार्फत सञ्चालन भइरहेका सेवाका लागि सेवाग्राही स्वयं कार्यालयमा उपस्थित हुनुनपर्ने व्यवस्था भएको छ ।

हाल भौतिक रूपमा उपस्थित भई सेवा लिनुपर्ने अवस्थामा सम्बन्धित प्रतिष्ठान (फर्म, कम्पनी, उद्योग वा व्यवसाय) का सञ्चालक स्वयं, कर्मचारी वा प्रतिष्ठानले तोकेको आधिकारिक प्रतिनिधि मात्र परिचय खुल्ने आधिकारिक परिचयपत्रसहित उपस्थित हुनुपर्नेछ ।

विभागले यही साउन १८ गतेदेखि विभागबाट प्रदान गरिने सेवाको आवेदन तथा सम्बन्धित कागजात औद्योगिक व्यवस्थापन सूचना प्रणाली (आईएमआईएस)मार्फत अनलाइनबाट मात्रै उपलब्ध हुने जनाएको छ । ती सेवाका लागि भौतिक रूपमा आवेदन तथा कागजात दर्ता नगरिने पनि सूचनामा उल्लेख छ ।

विभागका अनुसार अनलाइनबाट सञ्चालन हुने सेवामा नयाँ उद्योग दर्ता अनुमति, एकाइ उद्योग दर्ता, उद्योग स्थानान्तरण, उद्योगको पुँजी तथा क्षमता वृद्धि, उद्योग अध्यावधिक, म्याद थप तथा फर्म नवीकरण, सञ्चालन जानकारी, शेयर संरचना संशोधन, उद्योगको नाम तथा उद्देश्य परिवर्तनलगायत सेवा समावेश छन्। त्यसैगरी, विदेशी लगानी स्वीकृति (अटोमेटिक रुटसमेत), व्यावसायिक भिसा सिफारिस, 'रिप्याट्रिएसन,' 'टेक्नोलोजी ट्रान्सफर एग्रिमेन्ट,' शेयर खरिदसम्बन्धी सेवा, कच्चा पदार्थ खपतको कच्चा पदार्थ खपत मापदण्ड निर्धारण, वार्षिक प्रगति विवरण, छुट तथा सुविधा सिफारिस, संस्थागत सामाजिक उत्तरदायित्व, प्रारम्भिक वातावरणीय परीक्षण, कार्यसर्त तथा संशोधित प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृति सम्बन्धी सेवा पनि अनलाइनबाट उपलब्ध हुनेछन् ।

विभागले प्रदेश सरकारको कार्यक्षेत्रभित्र पर्ने रु २५ करोडभन्दा कम स्थिर पुँजी भएका उद्योगका हकमा उद्योग सञ्चालनका लागि आवश्यक 'मेसिनरी', औजार, कच्चा पदार्थ तथा रसायन आयात, 'बन्डेड वेयरहाउस' र कच्चा पदार्थ खपतको निर्धारणलगायत छुट, सुविधा र सहुलियत सिफारिससम्बन्धी काम प्रदेश सरकार तथा मातहतका निकायबाट हुने भएकाले सोही अनुसार सेवा लिन पनि आग्रह गरेको छ ।

## क्यान्सर अस्पतालमा ३५० शैया निःशुल्क

चितवन । यहाँको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका ५०० शैया मध्ये ३५० निःशुल्क रहेको छ ।

अस्पतालका कार्यकारी निर्देशक डा उमेश नेपालका अनुसार ती निःशुल्क शैय्यामा बस्ने बिरामीलाई खानाको पनि सुविधा रहेको छ । उहाँले भन्नुभयो, "हाम्रो अस्पतालमा साधारण शैयामा तीन पटकको खानासहित निःशुल्क सेवा दिइँदै आएको छ ।"

बिरामीलाई बिहान, दिउँसो र बेलुका अस्पतालले खाना खुवाउँदै आएको छ ।" तीन वर्षअघिबाट अस्पतालले शैया निःशुल्क गरेको हो। क्याबिन, पेइङ वार्ड, पोष्टप, एचडियु, आइसियु र डे केयरमा आउने बिरामीसँग अस्पतालले न्यून शुल्क लिइरहेको छ। अस्पतालमा भारतीय सीमा क्षेत्र र नेपाल भरबाट बिरामी उपचार गर्न अस्पतालमा आउने गर्दछन्। न्यून जनशक्ति र स्रोतसाधनमा धेरै बिरामी हेर्नुपर्ने बाध्यता अस्पतालमा छ।

हाल अस्पतालमा रहेका शैया मध्ये ७५ देखि ८० प्रतिशतसम्म भरिने गर्दछ । नेपालमा क्यान्सर उपचारका लागि सरकारी तवरको सुविधा सम्पन्न अस्पतालका रुपमा यसलाई लिइन्छ।

## भाडा नतिरेपछि सार्वजनिक पुस्तकालयसहितका स्टल बन्द

काठमाडौँ। नेपाल सरकारको निर्णयअनुसार भृकुटीमण्डपस्थित काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालयसहित लामो समयदेखि भाडा नतिरेका स्टल बन्द गरिएका छन्।

सार्वजनिक सम्पत्तिको संरक्षण, कानुनी दायित्वको कार्यान्वयन तथा समाज कल्याण परिषद्को सम्पत्तिको प्रभावकारी व्यवस्थापन गर्ने उद्देश्यले उक्त निर्णय कार्यान्वयन गरिएको महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार समाज कल्याण परिषद्ले सम्बन्धित संस्थालाई पटक-पटक लिखित पत्राचार, सार्वजनिक सूचना तथा अन्तिम ताकेतासमेत जारी गरी बक्यौता बहाल रकम भुक्तानी गर्न आग्रह गरेको थियो । तर, बारम्बारको आग्रह र चेतावनीलाई बेवास्ता गर्दै बहाल रकम नबुझाएपछि नेपाल सरकारको निर्णय अनुसार कानुनी प्रक्रिया अवलम्बन गर्दै ती स्टल बन्द गरिएको मन्त्रालयले जनाएको छ । काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालय समाजले प्रयोग गर्दै आएको स्टल नं ३४ र ६८ तर्फ चैत मसान्त २०८२ सम्म रु दुई करोड ९० लाख २३ हजार ३६७ बहाल बक्यौता रहेको मन्त्रालयले जनाएको छ ।

महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदनले उक्त बक्यौता रकम असुलउपर गर्नुपर्ने औँल्याएको थियो । सार्वजनिक पुस्तकालय सेवा अन्त्य गर्ने उद्देश्य नभएको स्पष्ट गर्दै मन्त्रालयले सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै समाज कल्याण परिषद्को पुनःसंरचना र व्यवस्थापन सुधारपछि पुस्तकालय सेवालाई अझ व्यवस्थित, प्रभावकारी र जनमैत्री ढङ्गले पुनः सञ्चालन गरिने जनाएको छ । सार्वजनिक सम्पत्तिको उपयोग गर्ने सबै संस्था तथा निकायले सम्झौता तथा कानुनबमोजिम आफ्नो दायित्व अनिवार्य रूपमा पूरा गर्नुपर्नेमा मन्त्रालयले जोड दिएको छ ।

## चार महिनामा विपद्का तीन हजार ९५१ घटना, सोही अवधिमा मात्रै १९३ जनाको मृत्यु

काठमाडौँ । गत वैशाख १ देखि यही साउन १४ गतेसम्म देशका विभिन्न भागमा तीन हजार ९५१ विपद्जन्य घटना भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ती घटनामा १९३ जनाको मृत्यु, तीन जना बेपत्ता, एक हजार १६५ जना घाइते तथा पाँच हजार ८७ परिवार प्रभावित भएका छन्।

उक्त अवधिमा सबैभन्दा बढी एक हजार दुई वटा आगलागीका घटना, सर्पदंशका ६७०, पहिरोका ६६२, हुण्डरीका ४७९, चट्याङका २३१, भारी वर्षाका २२६, वन्यजन्तु आक्रमणका २१८, बाढीका १९८ र वन डढेलोका १९१ घटना भएका छन्। यसैबीच, साउन १३ गते बिहान १०:०० बजेदेखि साउन १४ गते बिहान १०:०० बजेसम्म देशका विभिन्न स्थानमा ३४ वटा विपद्जन्य घटना भएका प्राधिकरणले जनाएको छ। ती घटनामा १३ जना घाइते भएका छन् भने २३ जनाको उद्धार भएको छ । घटनामा रु ४१ लाख आठ हजार बराबरको क्षति भएको छ।

सो अवधिमा सर्पदंशका आठ, आगलागीका आठ, भारी वर्षाका नौ, पहिरोका पाँच, बाढीको एक र वन्यजन्तु आक्रमणका तीन घटना भएका छन्। यसैगरी, साउन १३ गते बिहान ८:४५ बजेदेखि साउन १४ गते बिहान ८:४५ बजेसम्म देशका विभिन्न भागमा अवस्थित ४४८ वर्षा मापन केन्द्रमध्ये २६६ केन्द्रमा वर्षा अभिलेख भएको र सबैभन्दा बढी १०४.६ मिलिमिटर वर्षा कञ्चनपुरको दोधारामा भएको प्राधिकरणले जनाएको छ।

## शिक्षा र स्वास्थ्य समता शुल्क १५ दिनभित्र फिर्ता हुने

काठमाडौँ । सरकारले हालसम्म असुल गरिएको शिक्षा र स्वास्थ्य समता शुल्क १५ दिनभित्र सम्बन्धित सेवाग्राहीलाई फिर्ता गर्ने भएको छ ।

त्यससम्बन्धी सूचना गत बिहिबार नेपाल राजपत्रमा प्रकाशित गरिएको छ । चालु आर्थिक वर्षको आर्थिक ऐनको दफा १८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गर्दै शिक्षा र स्वास्थ्य समता शुल्क पूर्ण रूपमा छुट दिने व्यवस्था गरिएको हो । प्रधानमन्त्री वालेन्द्र शाहले यही साउन ५ गते शिक्षा र स्वास्थ्य समता शुल्क खारेज गर्ने घोषणा गर्नुभएको थियो । त्यसलगत्तै साउन ६ गते बसेको मन्त्रिपरिषद् बैठकले उक्त शुल्क खारेज गर्ने निर्णय गरेको थियो। अर्थ मन्त्रालयका सचिव डा घनश्याम उपाध्यायद्वारा जारी सूचनाअनुसार हालसम्म शिक्षा वा स्वास्थ्य समता शुल्क असुल गर्ने व्यक्ति वा निकायले असुल गरेको रकम १५ दिनभित्र सम्बन्धित भुक्तानीकर्तालाई फिर्ता गर्नुपर्नेछ ।

सूचनामा तोकिएको अवधिभित्र रकम फिर्ता गर्न नसकिए त्यस्तो रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

## अवैध पेयपदार्थको ओसारपसारमा कडाइ

भद्रपुर । नेपाल-भारत सीमानाका काँकरभिट्टाबाट अवैध रूपमा भित्र्याइएका तथा उपभोगका लागि अयोग्य पेयपदार्थ र अन्य सामग्रीमाथि सुरक्षा निकायले निगरानी गरिरहेको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी, प्रहरी नायब उपरीक्षक रञ्जन आवाका अनुसार संयुक्त चेकजाँचका क्रममा बरामद गरिएका करिब रु छ लाख ६५ हजार बराबरका पेयपदार्थ शुक्रबार मेची भन्सार कार्यालय काँकरभिट्टा परिसरमा नष्ट गरिएको हो। नष्ट गरिएका सामग्रीमा कोक, फेन्टा, डिउ, चिसो, स्प्राइटलगायत पेयपदार्थ रहेका छन्। ती सामग्री नेपालमा आयात प्रतिबन्धित वा उपभोगका लागि उपयुक्त नभएकाले कानुनी प्रक्रिया पूरा गरी नष्ट गरिएको प्रहरीले जनाएको छ । काँकरभिट्टा नाकास्थित एकीकृत जाँच एकाइमा मेची भन्सार कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र ट्राफिक प्रहरीको संयुक्त टोलीले यात्रु तथा मालवस्तुको नियमित जाँच गर्दै आएको छ । प्रहरी नायब उपरीक्षक आवाले सीमानाकाबाट हुने अवैध सामानको ओसारपसार नियन्त्रणका लागि संयुक्त निगरानी निरन्तर जारी रहेकोभन्दै यस्ता गतिविधिमा संलग्न हुनेलाई कानुनी कारबाही गरिने भएकाले सबै यसतर्फ सचेत र जिम्मेवार हुनुपर्ने बताउनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com